देवचुली नगरपालिका
देवचुली नगर कार्यपालिकाको कार्यालय,
देवचुली, नवलपरासी (वर्दघाट, सुस्ता पुर्व),
गण्डकी प्रदेश, नेपाल

फोहोरमैला व्यवस्थापन सम्वन्धि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/०८

देवचुली नगरपालिकाको शहरी क्षेत्रवाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गर्ने कार्यका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (उपदफा २ को (फ) आधारभुत स्वास्थ्य र सरसफाइ र (ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता) बमोजिम सार्वजनिक निजी साझेदारीको अवधारणमा फोहोरमैला व्यवस्थापन कार्य संचालन गर्नुपर्ने भएकोले इच्छुक संघ/संस्था, तथा फर्महरुवाट तपशिलमा उल्लेखित शर्तहरुको पालना गर्नेगरी यो सूचना प्रकशित भएको मितिले ३० दिन भित्र (अन्तीम दिन बिदा परेमा सो को भोलीपल्ट) देवचुली नगरपालिका नगर कार्यपालिकाकाको कार्यालयमा सिल्बन्द आर्थिक तथा प्राविधिक प्रस्ताव सहित दरखास्त दर्ता गराउनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिलका शर्तहरु

तपशिल

१. आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरी संस्था छनौट हुनका लागी संस्था दर्ता भएको, VAT\PAN दर्ता भएकों, नियमानुसार- वार्षिक नविकरण भएको, आ.व. २०७९ ।०८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. म्याद भित्र पेश नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिनेछैन ।

३. एक भन्दा वढी समूहमा सूची दर्ता गर्न चाहनेले प्रत्येक समूहको लागि छुट्टाछुट्टै निवेदन साथ आवश्यक सवै कागजात संलग्न गरी निवेदनमा समूह खुलाएर दर्ता गराउनु पर्नेछ ।

४. विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खामबन्दी गरि सूचना प्रकशित भएको मितिले ३० दिन भित्र देवचुली नगरपालिका नगर कार्यपालिकाकाको कार्यालयमा दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ ।

५. देवचुली नगरपालिकाको फोहोरमैला व्यबस्थापनमा साझेदारीका लागि कम्तिमा डेढ विगाहा क्षेत्रफलको जग्गा उपलब्ध गराउने प्रमाणको कागजात पेस गर्नुपर्नेछ ।

६. नगरपालिकाले निर्धारण गरेको सूचकको आधारमा उपयुक्त संस्था छनौट हुनेछ । संस्था छनौट प्रकृया स्वीकृत गर्ने वा कुनै पनि समयमा पूर्ण वा आंशिक रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार देवचुली नगरपालिकामा सिमित रहनेछ ।

७. प्रस्तावको Terms of Reference तथा प्रस्तावित कार्यको वजेट विवरण यस कार्यालयको बातावरण शाखाबाट २९ औ दिनको कार्यालय समय भित्र राजश्व शाखामा रु.३०००।०० (तिन हजार) तिरी खरिद गर्न सकिनेछ ।

९. यसमा माथी उल्लेखीत व्यहोरामा कुनै कुरा छुट भएको विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत